apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १९० ● पृष्ठः ४ ● ११ साउन २०८३ सोमबार (27 July 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




# कमला नदीको जल बोकेर पशुपतिनाथतर्फ नौ युवाको पैदल यात्रा

**रामनारायण ठाकुर**
**सिरहा, साउन १० गते**

सिरहाको कर्जन्हा नगरपालिका-१ बन्दीपुरस्थित उत्तरवाहिनी कमला नदीबाट जल संकलन गरी काठमाडौँस्थित श्री पशुपतिनाथ मन्दिरमा जलाभिषेक गर्न सिरहाका नौ जना श्रद्धालु युवाहरू आइतबार नाङ्गै खुट्टा पैदल यात्रामा निस्किएका छन्।

अरुण यादव, सन्तोष कुमार यादव, रामजस यादवलगायतका युवाहरूले धार्मिक आस्था र भगवान् शिवप्रतिको अटल भक्तिभावका साथ काँधमा काँवर बोकेर कमला नदीको पवित्र जल पशुपतिनाथ धाममा चढाउने उद्देश्यले यात्रा सुरु गरेका हुन्।



श्रद्धालुहरूले यो यात्रा आस्था, विश्वास, अनुशासन र समर्पणको प्रतीक भएको बताएका छन्। यात्राभर उनीहरूले भगवान् शिवको भजन-कीर्तन गर्दै "बोल बम, बोल बम" तथा "चल रे कमरिया, काठमाडौंको पशुपतिनाथ धाम" जस्ता धार्मिक नाराहरू उच्चारण गर्दै अघि बढिरहेका छन्।

यात्राका क्रममा विभिन्न स्थानमा विश्राम गर्दै उनीहरू काठमाडौं पुगेर श्री पशुपतिनाथ मन्दिरमा कमला नदीको पवित्र जल अर्पण गरी विशेष पूजा-आराधना गर्ने कार्यक्रम रहेको जनाइएको छ।

श्रद्धालुहरूको बिदाइका क्रममा स्थानीयवासीहरूले सफल, सुरक्षित र मंगलमय यात्राको शुभकामना व्यक्त गरेका थिए। यस प्रकारका धार्मिक यात्राले धार्मिक पर्यटनको

बाँकी पृष्ठ २ ▶▶

# सरकार बचाउन मधेश प्रदेशका मुख्यमन्त्री यादवको दौडधुप




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १० गते**

केन्द्रमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी नेकपाबीच पाँच प्रदेशमा सरकार गठनबारे सहमति भए पनि मधेश प्रदेशको भविष्य अझै टुंगो लागेको छैन। यही अनिश्चितताबीच मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव आफ्नो नेतृत्वको सरकार जोगाउन काठमाडौंमा शीर्ष नेताहरूसँग निरन्तर छलफलमा जुटेका छन्।

विभिन्न प्रदेशमा सरकार परिवर्तनको चर्चा चलिरहेका बेला मुख्यमन्त्री यादवले नेपाली कांग्रेस, एमाले र नेकपाका शीर्ष नेतासँग भेटघाट तीव्र बनाएका हुन्। प्रदेश सरकारको निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले उनले आफ्नै पार्टीका नेतासहित सत्ता साझेदार दलका शीर्ष नेतृत्वसँग परामर्श गरिरहेका छन्।

मधेशमा कांग्रेस नेतृत्वमा कांग्रेस, एमाले र नेकपाको गठबन्धन

बाँकी पृष्ठ ३ ▶▶

# मधेशमा लागुऔषधविरुद्ध अभियान, तीन वर्षमा दुई हजार ८११ जना पक्राउ




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १० गते**

प्रतिबन्धित लागुऔषध नियन्त्रणका लागि प्रहरीले मधेश प्रदेशमा विशेष अभियान चलाएपछि लागुऔषध सेवनकर्ता र कारोबारीहरू धमाधम पक्राउ पर्न थालेका छन्।

लागुऔषधविरुद्धको अभियान अन्तर्गत प्रहरीले नियमित जाँच गर्न थालेपछि मधेश प्रदेशका आठ वटै जिल्लामा गाँजा, चरेस, अफिम, ब्राउन सुगरलगायत लागुऔषध कारोबारमा संलग्नहरू पक्राउ पर्न थालेका हुन्।

सङ्गठित अपराध लागुऔषधविरुद्ध अभियान चलाएको प्रहरीले मधेश प्रदेशका आठ वटै जिल्लाबाट ठूलो परिमाणमा लागुऔषध पनि बरामद गर्दै आएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार बितेका तीन आर्थिक वर्षमा मधेश प्रदेशमा विभिन्न प्रकारका लागुऔषधसहित दुई हजार ८११ जना पक्राउ परेका छन् भने दुई हजार १२१

बाँकी पृष्ठ ४ ▶▶

# कांग्रेस र कम्युनिस्टले देशमा भाँडभैलो मच्चाए : उपेन्द्र यादव

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १० गते**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले कांग्रेस र कम्युनिस्ट पार्टीकै कारण देशमा भाँडभैलो मच्चिएको आरोप लगाएका छन्।

हालै नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच प्रदेश सरकारका सबन्धमा भएको सहमतिबारे राखिएको जिज्ञासाको जबाफ दिँदै उनले कांग्रेस र कम्युनिस्टकै कारण लामो समयदेखि देश अस्थिरतामा धकेलिएको टिप्पणी गरे।

अपन दैनिकसँग अध्यक्ष यादवले भने, भने, 'विगत ४० वर्षदेखि यी दलहरूले के-के गरे, जनतालाई सबै थाहा छैन र ?'

४० वर्ष यता मिलीजुली र भागबन्डाको नाममा ३५ वटा सरकार निर्माण भएको उनको भनाइ छ। 'अहिले पनि त्यही गरिरहेका छन्,' उनले भने, 'जनताको चाहना स्थायी सरकार, विकास निर्माण हो। तर



जनताको चाहना उनीहरूलाई वास्ता नै छैन।'

प्रदेश सरकारका बारेमा भएका सहमतिप्रति लक्षित गर्दै अध्यक्ष यादवले अगाडि भने, 'यी दलहरूको खेल सकियोस्, त्यसपछि हामी हाम्रोतर्फबाट के गर्ने भन्नेबारे सोच्छौँ।'

मधेश प्रदेश सरकारका बारेमा अहिलेसम्म कुनै पनि दलसँग आफ्नो छलफल नभएको पनि उनले प्रस्ट पारे। मधेश प्रदेशमा पुराना तीन दलको गठबन्धन सरकार रहेको र अहिलेसम्म सोही गठबन्धनलाई निरन्तरता दिने उनीहरूको चाहना रहेको जिकिर गर्दै उनले तीन दलको तमासा सकिएपछि आफूले विचार गर्ने प्रस्ट पारे।

शनिबार एमाले र नेकपाबिच विभिन्न पाँच प्रदेशमा सरकार गठनका लागि भागबन्डा भएको छ। मधेश र गण्डकी प्रदेशमा भने अन्य दलहरूको सहयोगमा सरकार बनाउनुपर्ने भएकाले छलफल अगाडि बढाउने निर्णय दुई दलले गरेका छन्।

मधेश प्रदेशमा अहिले कांग्रेसका कृष्ण यादवको नेतृत्वमा एमाले र नेकपा सम्मिलित गठबन्धनको सरकार छ। जसपा नेपाल भने प्रतिपक्षमा छ।

# नेपाल रेडक्रस सोसाइटीमा एकै व्यक्ति ४९ वर्षदेखि जिल्ला नेतृत्वमा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १० गते**

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को जिल्ला समितिको नेतृत्वमा एउटै व्यक्ति ४९ वर्षसम्म निरन्तर रहेका छन्।

२० देखिदेखि ४९ वर्षसम्म जिल्लाको नेतृत्व गर्नेहरू १० जिल्लामा छन्। नेरेसोको इतिहासमा सबैभन्दा बढी जिल्ला सभापति हुनेमा सिन्धुपाल्चोकका राजेन्द्रमान ताल्चाभोडेल छन्।

२०३४ सालदेखि उनी निरन्तर सिन्धुपाल्चोक रेडक्रसको सभापति छन्। उनीपछि धेरै वर्ष संस्थाको नेतृत्वमा रहिने संखुवासभाका सभापति सरोजकुमार बज्राचार्य र बाराका राजेन्द्रसिंह खड्का छन्।




उनीहरूले २०३८ सालदेखि संस्थाको जिल्ला नेतृत्व छोडेका छैनन्।

रसुवामा बाबुलाल तामाङले २०४१ सालदेखि, सप्तरीका जोगेन्द्र भगत २०४८ सालदेखि, मुस्ताङका

बाँकी पृष्ठ ४ ▶▶






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# जहाँ मधेशका गृहमन्त्री त्यहाँ तनाव !

**कमलेश ठाकुर**



मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो यतिखेर चर्चा र आलोचनाको केन्द्रमा छन् । खासमा उनले धनुषाको जनकपुरधाममा फुटपाथ व्यवस्थापन, होटेलको अनुगमन तीव्र पारेपछि चर्चा र आलोचनाका पात्र बनेका हुन् ।

मन्त्री महतोसहितको टोली अनुगमनका क्रममा बिहीबार (साउन ७) महोत्तरीको बर्दिबासस्थित होटेल नाभ्या पुगेको थियो । लवालस्करसहित अनुगमनमा पुग्दा होटेलका अतिथि समेत आत्तिएका थिए । ठूलै काण्ड भएछ कि भनेर अतिथि होटेलका स्टाफसँग सोधपुछ गरिरहेका थिए ।

अनुगमनका क्रममा घिउ, कोक, सुजीलगायत ५० केजी सामान म्याद गुज्रेको भेटिएको महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलले जानकारी दिए ।

त्यसपछि प्राविधिक टोलीले होटेललाई २० हजार रुपैयाँ जरिबाना गर्‍यो । तर, सामान नष्ट गर्ने बेलामा होटेल सञ्चालक अनिल अग्रवालसँग मन्त्री महतोको विवाद भएको थियो ।

महतो होटेलअगाडि सामान नष्ट गर्ने अडानमा थिए । होटेल सञ्चालकले त्यसमा असन्तुष्टि जनाए ।

महतोले होटेलकै अगाडि म्याद गुज्रेको सामान नष्ट गर्न प्राविधिक टोलीलाई निर्देशन दिएपछि सञ्चालक अग्रवाल आक्रोशित बनेका थिए । उनले भने, "मन्त्रीजी, यो गुन्डा शैली भयो । सार्वजनिक पद धारण गरेको व्यक्तिले यसरी बोलेको/गरेको सुहाउँदैन ।"

अग्रवालको भनाइपछि झन् आक्रामक बनेका मन्त्री महतोले तुरुन्तै थुन्न निर्देशन दिएका भिडियो सामाजिक सञ्जालमा 'भाइरल' छ ।

लगत्तै अग्रवाललाई मन्त्रीका सुरक्षा गार्डले धकेल्दै प्रहरीको भ्यान भएको ठाउँमा पुर्‍याउँछन् । त्यसपछि उनको हातमा प्रहरीले हतकडी लगाइन्छ । सामान नष्ट गरेको फोटो/भिडियो लिँदै 'डन्ट माइन्ड' भनी अनुगमन टोली होटेलबाट बाहिर निस्किएको थियो ।

होटेल सञ्चालक अग्रवाल निराश छन् । होटेलमा अनुगमनमा पाइएको एउटा र बाहिर मन्त्रीले नै अर्कै जानकारी दिएको उनको गुनासो छ ।

"पहिलो कुरा, त्यो कुनै पनि हालतमा अनुगमन होइन । यो विशुद्ध रूपमा गुन्डागर्दी हो," उनले भने, "कहाँको होटेल अनुगमनमा १०० जना जान्छन् ? कुन प्रकारको अनुगमनमा ४० जना किचेनमा जान्छन् ? कुनै गल्ती नभेट्दा पनि सेफलाई थुनिदिऊँ कसरी भन्न सक्छन् ? त्यसकारण यो अनुगमन होइन, असुली र स्टन्ट हो ।"

एक महिनाअघि मात्र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको टोलीले अनुगमन गरेर गएको उनले बताए । त्यसपछि पटक-पटक एकै ठाउँमा अनुगमन गर्नु 'मिडिया ट्रायल' र असुलीधन्दा भएको उनको आरोप छ ।

मन्त्री महतोले तीन लाख रुपैयाँ जरिबाना गर्ने धम्की दिएका थिए । तर, प्राविधिक टोलीले २० हजार मात्र जरिबाना गरेको उनले बताए ।

यस्तै, जनकपुरधाममा फुटपाथ व्यवस्थापन र होटेल अनुगमनका क्रममा केही व्यापारीसँग मन्त्री महतोको विवाद भएको थियो । बाबाको ढाबा, बाजेको सेकुवाजस्ता होटेलले मन्त्री महतोको शैलीप्रति असन्तुष्टि जनाएका थिए ।

**संग्रहालय बन्द**

अनुगमनकै क्रममा मन्त्री महतो असार २८ गते जानकी मन्दिर पुगेका थिए । उनले जानकी मन्दिर मातहतको संग्रहालय र विवाहमण्डप (मरवा)को अनुगमन गरेका थिए । यी दुवै ठाउँमा सेवाग्राहीसँग लिइने शुल्क पारदर्शी नदेखिएको भन्दै उनले कागजात र पैसा राख्ने थैली नियन्त्रणमा लिएका थिए ।

दुई दिन संग्रहालय र विवाहमण्डप बन्द भएपछि जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले पत्रकार सम्मेलन गरी मन्त्रीले अनुगमनका नाममा गुन्डागर्दी गरेको आरोप लगाएका थिए ।

"जुन दिनदेखि फकिरा महतो गृहमन्त्री भए, त्यही दिनदेखि जानकी मन्दिरमाथि प्रहार गर्दै छन्, फेरि यिनको प्रहार कानुनसम्मत छैन," महन्थ दासले भनेका थिए, "गृहमन्त्रीजस्तो व्यक्ति गुन्डाको स्टाइलमा जानकी मन्दिरमा थर्काउँछन् । त्यो हुँदैन ।"

गृहमन्त्रीले प्रमुख जिल्ला अधिकारीलाई पत्र लेख्नुपर्ने, प्रमुख जिल्ला अधिकारीले गुठीलाई पत्र लेख्नुपर्ने र गुठीले जानकी मन्दिरका महन्थलाई सोधपुछ गर्नुपर्ने उनको धारणा थियो । तर, मन्त्री महतोले कुनै प्रक्रियाको पालना नगरी अनुगमन गरिरहेको उनको जिकिर छ ।

**मन्त्रीसँग नोकझोक हुँदा १८ दिन थुना**

गत वर्ष चैत १९ गते फुटपाथ, अव्यवस्थित टहरा (छाउनी) हटाउन जाँदा पनि मन्त्री महतो र व्यवसायीबीच विवाद भएको थियो । जनकपुरधाम उपमहानगरपालिका-१, रेल्वे स्टेसनस्थित महतो र व्यवसायीबीच विवाद भएको हो ।

विवादपश्चात् व्यवसायी अमितकुमार साहलाई पक्राउ गरिएको थियो । उनी १८ दिन थुनामा बसे । उनीमाथि मन्त्रीकै निर्देशनमा अभद्र व्यवहारको मुद्दा चलाइयो । मुद्दा अझै मुद्दा किनारा लागिसकेको छैन ।

साहका अनुसार, उक्त क्षेत्रका सबै व्यापारीले आफैँले सडकपेटीमा पर्ने संरचना तथा सामान हटाउने मन्त्रीसँग बताएका थिए । तर, मन्त्रीले मानेनन् ।

"हामीले हटाउने तयारी गरिसकेका थियौँ । सबैजनाले आफैँ हटाउँछौँ, डोजरले भत्काउँदा धेरै क्षति हुन्छ भनी मन्त्रीजीसँग अनुरोध गरेका थियौँ," उनले भने, "तर, मन्त्रीजीले आफैँ हटाउने हो भने डोजरको के काम ? भनेपछि सामान्य होहल्ला भएको थियो ।"

पसलको छाउनी (टहरा) आफैँ हटाउँछु भन्दा जबर्जस्ती पक्राउ गर्न लगाइएको उनी जिकिर गर्छन् । उनले भने, "सत्य बोल्नु अपराध भयो । व्यापार, व्यवसाय गर्नु प्रदेशका गृहमन्त्रीको नजरमा अपराध भयो । आफ्नो जमिनको संरचना नभत्काउँदा अपराध भयो ।"

**झेल्दै मानसिक यातना**

अमित साह ४३ वर्षका भए । उनले त्यसअघि कहिल्यै मुद्दामामिला खेप्नुपरेको थिएन । सामान्य रूपमा व्यापार, व्यवसाय गरेर जीवन निर्वाह गरिरहेका थिए ।

तर, १८ दिन थुनामा बसेपछि आफू मानसिक रूपमा कमजोर र दबाबमा रहेको उनी बताउँछन् । "सबैभन्दा बढी तनाव त बिनाकसुर थुनामा गएँ, त्यसकै हुन्थ्यो," उनले भने, "त्यसपछि घरपरिवार, छोराछोरी र आफन्तलाई पनि तनाव भयो ।"

बिनाकारण पक्राउ गरी मन्त्रीले हस्तक्षेप गरेको अमितको बुझाइ छ । "बिनाकारण परिवारले तनाव झेल्नुपर्‍यो," उनले भने, "मैले थुनामा बस्नुपर्‍यो । यो कुन कानुन हो, जहाँ सत्य बोल्दा थुनामा जानुपर्छ ?"

## सम्पादकीय...

# तीन बुँदे सहमति जनमतको अपमान

साउन ९ गते नेकपा -एमाले) का अध्यक्ष केपी शर्मा ओली र नेकपा -माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच भएको तीन बुँदे सहमतिले नेपालको प्रदेश राजनीतिमा नयाँ बहस सिर्जना गरेको छ । सहमतिमा प्रदेश सरकारहरूको नेतृत्व दुई दलबीच बाँडफाँड गर्ने, आवश्यक स्थानमा संयुक्त सरकार बनाउने तथा केही प्रदेशमा अन्य दलसँग परामर्श गरेर नेतृत्व तय गर्ने उल्लेख छ । सहमतिको औपचारिक उद्देश्य राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासलाई गति दिनु भनिए पनि यसको राजनीतिक सन्देश र दीर्घकालीन प्रभावबारे गम्भीर प्रश्न उठेका छन् । प्रदेशहरूमा बजेट निर्माणका क्रममा देखिएको असमझदारी, बजेटविहीन अवस्थाले जनजीवनमा असर पारेको र राजनीतिक अस्थिरताले विकासका काम प्रभावित भएको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । यस्ता समस्याको समाधान खोज्नु प्रमुख राजनीतिक दलहरूको जिम्मेवारी हो । तर समाधानको नाममा जनमत, लोकतान्त्रिक मूल्य र संस्थागत प्रक्रियाभन्दा सत्ता बाँडफाँडलाई प्राथमिकता दिइएको देखिनु चिन्ताको विषय हो ।

सहमतिमा कुन प्रदेश कसले नेतृत्व गर्ने भन्ने विषय पहिल्यै तय गरिनुले सरकार गठनको आधार जनप्रतिनिधिको स्वतन्त्र निर्णयभन्दा दलका शीर्ष नेताहरूको राजनीतिक समझदारी भएको सन्देश दिएको छ । प्रदेश सभालाई संविधानले दिएको अधिकार र स्वायत्तताको मर्मभन्दा माथि दुई नेताको राजनीतिक सहमति राखिएको अनुभूति जनतामा हुनु स्वाभाविक हो । यसले प्रदेश सरकारहरू जनताप्रति भन्दा केन्द्रका नेताप्रति बढी उत्तरदायी हुने खतरा पनि बढाउँछ । अर्कोतर्फ, यो सहमतिलाई लिएर भइरहेको आलोचनाको मूल कारण पनि यही हो । जनताले विकास, सुशासन, रोजगारी र सेवा प्रवाहमा सुधारको अपेक्षा गरिरहेका बेला राजनीतिक नेतृत्व फेरि पनि सत्ता समीकरणमै केन्द्रित भएको देखिन्छ । सरकार बनाउने र भत्काउने, गठबन्धन बदल्ने र मन्त्रालय बाँड्ने अभ्यासले विगतका वर्षहरूमा जनविश्वास कमजोर बनाएको थियो । अहिलेको सहमतिले त्यही प्रवृत्तिलाई अझ बल दिएको टिप्पणी हुनु अस्वाभाविक होइन ।

यस सहमतिले अर्को गम्भीर प्रश्न पनि उठाएको छ । एमाले र माओवादी केन्द्रबीच विगत केही वर्षमा भएका तीखा राजनीतिक आरोप-प्रत्यारोप, अविश्वास र वैचारिक मतभेद एकाएक सत्ता साझेदारीमा रूपान्तरण हुनु राजनीतिक सिद्धान्तभन्दा सत्ता स्वार्थ नै निर्णायक भएको संकेत हो कि भन्ने आशंका बढेको छ । यदि राजनीतिक सहकार्य जनहितका साझा नीति र कार्यक्रमका आधारमा भएको हो भने त्यसको स्पष्ट खाका सार्वजनिक हुनुपर्छ । तर सहमतिमा सत्ता व्यवस्थापनको विवरण धेरै देखिन्छ, जनताको जीवन परिवर्तन गर्ने ठोस कार्यक्रम कम देखिन्छ । सत्ता टिकाउनका लागि गरिने समीकरणले अल्पकालीन स्थिरता त दिन सक्छ, तर जनविश्वास गुमेमा त्यसले दीर्घकालीन राजनीतिक अस्थिरताको बीउ रोप्न सक्छ । विशेषगरी, प्रदेश सरकारहरूको नेतृत्व अग्रिम रूपमा भागबण्डा गरिनुले प्रदेश सभाका सांसदहरूको भूमिकालाई औपचारिकतामा सीमित पार्ने जोखिम पनि देखिन्छ । लोकतन्त्रमा सरकार गठन संसदको अंकगणित, नीति र सार्वजनिक उत्तरदायित्वका आधारमा हुनुपर्छ, बन्द कोठाको सहमतिका आधारमा होइन । संविधानले परिकल्पना गरेको संघीय व्यवस्थाको सफलताको लागि प्रदेश सरकारहरू स्वतन्त्र, उत्तरदायी र जनमुखी हुनुपर्छ ।

त्यसैले यो सहमति सत्ता जोगाउने र भविष्यको राजनीतिक अस्तित्व सुरक्षित गर्ने प्रयासका रूपमा मात्रै इतिहासमा दर्ज हुनेछ । जनताले अब भाषण र सहमतिपत्रभन्दा परिणाम खोजिरहेका छन् । प्रदेश सरकारहरूले विकासलाई गति दिन्छन् कि सत्ता बाँडफाँडको अर्को अध्याय मात्र लेख्छन्, त्यसको मूल्यांकन अन्ततः जनताले नै गर्नेछन् । लोकतन्त्रमा कुनै पनि राजनीतिक सहमतिको अन्तिम परीक्षण सत्ता साझेदारी होइन, जनताको जीवनमा आएको सकारात्मक परिवर्तन हो । दुई नेताले गरेको सहमति विशुद्ध आफ्नो शक्ति संचित गर्ने प्रयासको रुपमा बुझ्न सकिन्छ । जुन देश र लोकतन्त्रकै लागि गलत परिपाटी हो । यसमा दल र नेताहरुले सोच्नुपर्छ । भर्खरै चुनाव सकिएको र नयाँ सरकारले नेतृत्व लिएको चार महिना पनि पुगेको छैन् । यस्तो अवस्थामा दलका नेताहरुले गर्ने प्रदेश सरकारमा सत्ता बाँडफाँडको खेल निकै नै आलोचनायोग्य रहेको छ । दल र पूर्वप्रधानमन्त्री भईसकेकाहरुले समयमै सोच्नुपर्ने आवश्यकता रहेको छ ।

## आजको राशिफल

**मेष :** दिनको सुरुवाती समयमा स्वास्थ्यमा कमजोरी वा काममा ढिलासुस्ती महसुस हुन सक्छ ।

**बृष :** दिनको पहिलो भाग व्यापार व्यवसाय र दाम्पत्य जीवनका लागि सुखद रहनेछ ।

**मिथुन :** सुरुको समयमा पुराना ऋण वा रोगबाट केही राहत मिल्नेछ र शत्रुहरू परास्त हुनेछन् ।

**कर्कट :** सुरुमा बौद्धिक कार्य र सन्तान सम्बन्धी मामिलामा शुभ समाचार प्राप्त हुन सक्छ ।

**सिंह :** दिनको सुरुमा पारिवारिक मामिला वा घरजग्गाको काममा अलि बढी दौडधुप र मानसिक तनाव हुन सक्छ ।

**कन्या :** सुरुको समयमा पराक्रम बढ्नेछ र छोटो दूरीको फलदायी यात्रा हुन सक्छ ।

**तुला :** आर्थिक दृष्टिकोणले दिनको सुरुवाती भाग निकै राम्रो रहनेछ, रोकिएको धन हात पर्न सक्छ ।

**वृश्चिक :** सुरुको समयमा मानसिक रूपमा केही दुविधा वा निर्णय लिन गाह्रो भए पनि आत्मबल बलियो रहनेछ ।

**धनु :** दिनको सुरुमा अनावश्यक खर्च बढ्न सक्छ र टाउको वा आँखाको समस्याले अलि सताउन सक्छ ।

**मकर :** सुरुमा आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् र पुराना लगानीबाट राम्रो फाइदा मिल्नेछ ।

**कुम्भ :** कार्यक्षेत्र र व्यापारमा सुरुको समय अत्यन्तै सफल र लाभकारी रहनेछ, नयाँ जिम्मेवारी मिल्न सक्छ ।

**मीन :** सुरुको समयमा भाग्यले साथ दिनेछ र धार्मिक वा सामाजिक कार्यमा सहभागिता बढ्नेछ ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

**कमला नदीको जल बोकेर ...........**

प्रवर्द्धन, सांस्कृतिक परम्पराको संरक्षण तथा सामाजिक सद्भाव अभिवृद्धिमा सकारात्मक योगदान पुग्ने विश्वास स्थानीयवासीहरूले व्यक्त गरेका छन् ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

अपन दैनिक
- ग्राहक बन्नु परेमा ।
- नवीकरण गर्नु परेमा ।
- ठेगाना परिवर्तन भएमा ।
- पत्रिका नियमित नआएमा ।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# मल किन्न गएका दुई नेपाली अझै एक हप्ता भारतीय जेलमै रहने



✍अपन दैनिक संवाददाता
सिरहा, साउन १० गते

मल किन्न भारतीय बजार पुगेका दुई नेपाली थुनिएको २६ दिन भइसकेको छ। असार १७ गते पक्राउ परेका बलरा-५, सर्लाहीका सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह अझै छुटेका छैनन्। उनीहरूलाई असार १८ गते जेल चलान गरिएको थियो।

भारतको सीतामढी जिल्लाको सोनबरसाबाट खेतमा हाल्ने डिएपी र युरिया मल सहित पक्राउ परेका उनीहरू एक हप्ता अगावै छुट्ने देखिँदैन। रिहाईको माग राखेर दर्ता गत शुक्रबार अदालतमा निवेदन दर्ता भएको सुरेशप्रसादका छोरा अविनाश सिंहले जानकारी दिए।

निवेदनमाथिको सुनुवाई ३१ जुलाई (१५ साउन)का लागि तोकिएको छ। 'वकिलले सुनुवाईपछि रिहा हुने आश्वासन दिनु भएको छ,' अविनाश भन्छन्, 'बुवा र ठूलो बुवा छुट्न ३१ तारिख अर्थात् एक हप्ता अझै कुर्नुपर्ने भयो।'

सजिलै मल किन्न नपाउँदा सीमा क्षेत्रका धेरै कृषकहरू भारतीय बजारमा निर्भर हुनु परेको अविनाश बताउँछन्। उनी भन्छन्, 'मल यही उपलब्ध हुने हो भने कोही पनि जोखिम मोलेर सीमापारी मल्ल किन्न जाँदैन।'

मल उपलब्ध गराउन नसके पछि भारत जान बाध्य भएका किसानलाई छुटाउन सरकारले पहल गर्नुपर्ने मानवअधिकारकर्मीहरू बताउँछन्। मधेश मानवअधिकार होमका संस्थापक रवि ठाकुर सिंहद्वयलाई छुटाउन नेपाल सरकारले पहल गर्नुपर्नेमा जोड दिन्छन्।

सरकारले मल उपलब्ध गराउन नसकेपछि प्रशासनले सीमा नाकामा अलि खुकुलो गर्ने संकेत

बाँकी पृष्ठ ४ ▸▸

# त्रिवि प्रश्नपत्र चुहावटमा शिक्षामन्त्रीको र्‍यापिड एक्सन, २४ घण्टाभित्रै कसरी समातिए 'सुलभ सर' ?

✍अपन दैनिक संवाददाता
सिरहा, साउन १० गते

गएको शुक्रबार त्रिभुवन विश्वविद्यालय (त्रिवि) व्यवस्थापन संकायअन्तर्गत स्नातकोत्तर (एमबीएस) प्रथम सेमेस्टरको परीक्षा सुरु भएको ५ मिनेटमै ह्वाट्सएप ग्रुपबाट प्रश्नपत्र बाहिरियो। हजारभन्दा बढी सदस्य रहेको 'एमबीएस फस्ट सेम सेक्सन सी' नामको ह्वाट्सएप ग्रुपमा प्रश्नपत्रको पीडीएफ मात्र पोस्ट भएन, 'सर, सोलुसन पनि पठाइदिनु न' भन्दै उत्तरको मोलमोलाइ र लेनदेनसमेत सुरु भयो।

परीक्षाको मर्यादा, शैक्षिक विश्वसनीयता र हजारौँ होनहार विद्यार्थीको भविष्यमाथि खेलबाड गर्ने यो घटना बाहिरिनेबित्तिकै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले भने यसलाई सामान्य मानेनन्। घटना सार्वजनिक हुनासाथ शिक्षामन्त्री पोखरेलको र्‍यापिड एक्सनकै कारण २४ घण्टा नबित्दै घटनामा संलग्न मुख्य आरोपितहरू प्रहरीको नियन्त्रणमा पुगेका छन्।

**ह्वाट्सएपदेखि प्रहरीको फन्दा सम्म : के भएको थियो ?**

८ साउनमा परीक्षा सुरु भएको केही मिनेटभित्रै ह्वाट्सएप ग्रुपमा प्रश्नपत्र छ्यापछ्याप्ती भयो। ग्रुपमा 'सुलभ सर' नाम गरेका व्यक्तिले प्रश्नपत्र पठाउँदै, 'इको अर्थात् अर्थशास्त्रको पनि दिन्छु, राम्रोसँग हेर्नुहोला' भन्दै विद्यार्थीलाई विश्वस्त पारिरहेका थिए।

परीक्षा चलिरहेकै समयमा मोबाइल र प्रविधिको दुरुपयोग गरी संगठित रूपमा प्रश्नपत्र लिक गराउने गिरोह सक्रिय रहेको पुष्टि भएपछि चौतर्फी आक्रोश उत्पन्न भयो। प्रविधिको प्रयोग गरी गरिएको यो अपराधलाई कारबाहीको दायरामा ल्याउन शिक्षामन्त्री पोखरेलले तत्काली प्रहरी नेतृत्वसँग समन्वय गरे। उनले नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीलाई फोन गरी केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र साइबर ब्युरोलाई २४सै घण्टा परिचालन गर्न निर्देशन दिए।

मन्त्री पोखरेलको कडा निर्देशन र जिरो टोलरेन्स नीतिका कारण प्रहरीको उच्च प्राविधिक टोलीले डिजिटल फुटप्रिन्ट र ह्वाट्सएप ग्रुपको सूक्ष्म विश्लेषण गरेको उनको सचिवालयले जनाएको छ।

नतिजास्वरूप २४ घण्टाभित्रै प्रश्नपत्र लिक गराउने मुख्य सूत्रधार भनिएका 'सुलभ सर'सहित स्किनसटमा नाम देखिएका अर्को एक जनालाई प्रहरीले पक्राउ गर्न सफल भयो।

**शिक्षामन्त्री पोखरेलको स्पष्ट सन्देश : शैक्षिक अपराधमा कसैलाई छुट छैन**

घटनापछि मन्त्री पोखरेलले विश्वविद्यालय र शैक्षिक प्रणालीलाई स्वच्छ बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याएका छन्। उनले त्रिविको परीक्षा प्रणालीमा देखिएको यो विकृतिविरुद्ध कडा कदम चाल्ने स्पष्ट पारेका छन्।

मन्त्री पोखरेलले परीक्षा सञ्चालन र प्रश्नपत्रको सुरक्षामा लापरवाही गर्ने विश्वविद्यालयका आन्तरिक संयन्त्रमाथि पनि छानबिन गरिने र दोषी पाइए जोसुकै भए पनि कारबाहीको दायरामा ल्याइने बताएका छन्।

**छानबिन समिति गठन**


यसैक्रममा त्रिवि व्यवस्थापन संकायको डिन कार्यालयले पनि घटनाको गम्भीरतालाई ध्यानमा राख्दै प्रा.डा. अच्युत ज्ञवालीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ। समितिलाई परीक्षा केन्द्रको सुरक्षा चुस्तता, प्रश्नपत्र बाहिरिनुको आन्तरिक कारण र भविष्यमा यस्ता घटना दोहोरिन नदिने उपायबारे अध्ययन गरी प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ।

विगतमा विश्वविद्यालयमा प्रश्नपत्र बाहिरिँदा वा परीक्षामा धाँधली हुँदा छानबिन समितिमै कुरा



अल्झिने र दोषी उम्किने परिपाटी थियो। तर, यसपटक शिक्षामन्त्री पोखरेलको सक्रियता र प्रहरीको द्रुत कारबाहीले शैक्षिक क्षेत्रमा एउटा सकारात्मक र बलियो सन्देश दिएको छ।

उनको सचिवालयले भन्यो, 'शैक्षिक अपराधमा अब कानुनले कुनै मोलाहिजा गर्ने छैन। २४ घण्टाभित्रै आरोपित पक्राउ पर्नुले सरकार र शिक्षा मन्त्रालय शैक्षिक सुधार र सुशासनप्रति कत्तिको गम्भीर छ भन्ने कुराको पुष्टि गरेको छ।'




# सरकार बचाउन मधेश प्रदेशका मुख्यमन्त्री यादवको ............

सरकार सञ्चालनमा छ। केन्द्रमा एमाले-नेकपाबीच नयाँ राजनीतिक समीकरण बने पनि मधेश प्रदेशमा तत्काल सरकार परिवर्तन गर्ने विषयमा कुनै ठोस निर्णय भएको छैन। एमाले र नेकपाले मधेश तथा गण्डकी प्रदेशका विषयमा अन्य दलसँग थप परामर्श गर्ने निर्णय गरेपछि कांग्रेस नेतृत्वको सरकार तत्कालका लागि सुरक्षित देखिएको छ।

मुख्यमन्त्री यादवले मधेशमा विपक्षी दलको उपस्थिति बलियो रहेकाले यहाँ सरकार परिवर्तनको कुनै औचित्य नरहेको बताएका छन्। 'प्रदेशसभामा विपक्षी दलहरूको संख्या पर्याप्त छ। त्यसैले विपक्षी नभएको प्रदेशमा गठबन्धन नरहने भन्ने कुरा मधेश प्रदेशमा लागु हुँदैन,' उनले भने। उनका अनुसार अहिलेको कांग्रेस-एमाले-नेकपा गठबन्धन यथावत रहने वातावरण बनेको छ।

नेपाली कांग्रेसका मधेश प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक कुवरकान्त झाले पनि सत्ता साझेदार दलबीच कुनै विवाद नरहेको दावी गरे। उनका अनुसार पार्टी सभापति गगन थापाले प्रदेश नेतृत्वलाई 'सरकार कसरी जोगाउने भन्ने विषयमा तपाईंहरू आफैं निर्णय गर्नुस्' भन्ने निर्देशन दिएका छन्। त्यसैले तत्काल सरकार संकटमा नरहेको उनको भनाइ छ।

मधेश प्रदेशका अर्थमन्त्री तथा नेकपाका नेता युवराज भट्टराईले पनि वर्तमान गठबन्धनलाई नै निरन्तरता दिने पक्षमा आफ्नो पार्टी रहेको बताए। केन्द्रबाट पनि यही सरकारलाई निरन्तरता दिन निर्देशन आएको उल्लेख गर्दै उनले तीन दलबीच कुनै मनमुटाव नरहेको दाबी गरे। 'प्रदेशमा तीनवटै दलबीच सहकार्य राम्रो छ। जनताको मुख्य चाहना सुशासन र विकास हो। सरकारले भर्खरै बजेट ल्याएको अवस्थामा फेरि सरकार परिवर्तन गर्नु उचित हुँदैन,' भट्टराईले भने।

स्थानीय तह र प्रदेशसभा निर्वाचन पनि करिब आठ-दस महिनापछि हुने भएकाले सरकार फेरबदलले जनतामा राम्रो सन्देश नजाने उनको तर्क छ। एमालेका प्रदेशसभा सदस्य दीपेन्द्र ठाकुरले पनि सरकार परिवर्तनभन्दा सेवा प्रवाह र विकासमा ध्यान केन्द्रित गर्नुपर्ने बताए। 'जनताले सरकारको डेलिभरी खोजेका छन्। सरकार ढाल्ने र बनाउने खेलमा एमाले लाग्दैन,' उनले भने।

यद्यपि, मधेश प्रदेशको राजनीति पछिल्ला महिनामा निकै अस्थिर रहँदै आएको छ। जनमत पार्टीका सतिशकुमार सिंह आफ्नै पार्टीबाट विश्वासको मत नपाएपछि पदबाट बाहिरिन बाध्य भए। त्यसपछि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का जितेन्द्र सोनल मुख्यमन्त्री बने पनि विश्वासको मत लिन नसकेपछि तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले एमाले संसदीय दलका नेता सरोज यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन्। तर, उनले पनि विश्वासको मत प्राप्त गर्न नसकेपछि कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव जसपा, जनमत र नेकपाको समर्थनमा मुख्यमन्त्री बने।

सरकार गठन भएको पाँच महिना नपुग्दै जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले दोस्रोपटक विश्वासको मत लिनुपर्ने अवस्था सिर्जना भयो। त्यसक्रममा जसपाले पनि समर्थनमा अनिच्छा देखाएपछि यादवले एमाले र नेकपासँग सहकार्य गर्दै नयाँ समीकरणबाट सरकारलाई निरन्तरता दिएका थिए।

हाल मधेश प्रदेशसभामा १०७ सदस्य छन्। सरकार गठनका लागि ५४ सांसदको समर्थन आवश्यक पर्छ। एमालेका २४ र नेकपाका १४ सांसद गरी ३८ मत मात्र पुग्ने भएकाले यी दुई दलले मात्रै सरकार बनाउन सक्ने अवस्था छैन। यस्तो अवस्थामा नयाँ समीकरण बन्ने भए जसपा वा अन्य दलको समर्थन अनिवार्य हुने देखिन्छ।

प्रदेशसभामा जसपा-लोसपा गठबन्धन २६ सांसदसहित सबैभन्दा ठूलो शक्ति छ। एमालेका २४, कांग्रेसका २२, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीका संयुक्त १४ तथा जनमत पार्टीका १२ सांसद छन्। यही अंकगणितका कारण पनि मधेश प्रदेशमा सरकार परिवर्तन सहज देखिँदैन।

यद्यपि, केन्द्रमा बदलिएको राजनीतिक समीकरणको प्रभाव प्रदेशमा कस्तो पर्छ भन्ने चासो कायमै छ। त्यसैले मुख्यमन्त्री कृष्णप्रसाद यादवले सत्ता साझेदार दलको विश्वास कायम राख्न र आफ्नो सरकारको निरन्तरता सुनिश्चित गर्न काठमाडौंमा शीर्ष नेताहरूसँग भेटघाट र छलफललाई तीव्रता दिएका छन्।



# मधेश प्रदेशमा सिंचाइ र माटोको उर्वराशक्ति सुधारको रणनीतिमा सरकार



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १० गते**

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री गीता चौधरीले मधेश प्रदेशमा सिँचाइको दीर्घकालीन व्यवस्थापन र माटोको उर्वराशक्ति सुधारका लागि विशेष रणनीति ल्याउन लागिएको बताएकी छन्।

आइतबार धनुषा अनुगमनका क्रममा जनकपुरमा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री चौधरीले कृषि र सिँचाइ मन्त्रालयबीच सहकार्य गरेर एक एकीकृत योजना बनाइने बताइन् । उनले सिँचाइ र कृषि अलग-अलग नभई एउटै युनिटका रूपमा अघि बढाउँदा मात्र प्रभावकारी परिणाम आउने उल्लेख गरिन्।

मन्त्री चौधरीले मधेशको माटोमा रासायनिक मल र विषादीको अत्यधिक प्रयोगका कारण जैविक पदार्थ घट्दै गएकोमा चिन्ता व्यक्त गरिन् । उनले माटोको उर्वराशक्ति जोगाउन दीर्घकालीन रुपमा प्राङ्गारिक र जैविक खेतीलाई प्रवर्द्धन गर्न लागिएको बताइन् । यसका लागि नार्क र कृषि आधुनिकीकरण परियोजनाको सहयोगमा १० वटा नमुना पालिका चयन गरी 'माटो सुधार परियोजना' सञ्चालन गरिने घोषणा गरिन्।

यस्तै, धनुषाको संरक्षित क्षेत्रलाई समेटेर मधेश प्रदेशमा एउटा प्राणी उद्यान निर्माण गर्ने सोचका साथ अघि बढिएको र प्राविधिक टोलीको अध्ययनपछि प्रक्रिया अघि बढाइने उनले जानकारी दिइन् । मन्त्री चौधरीले अनुगमनका क्रममा धनुषाका माछापालक किसान, आँप उत्पादक र सहकारी प्रतिनिधिहरूसँग भेटघाट गरी कृषि प्रविधि र बीउबिजनको पहुँचबारे जानकारी लिएकी थिइन्।

## मल किन्न गएका दुई नेपाली अझै ..........

गरेकाले किसानहरू ढुक्क भएर भारतीय बजार पुगेको हुनसक्ने ठाकुर बताउँछन् । उनी भन्छन्, 'नेपाल सरकारले चाहने हो भने हाम्रा किसानहरू अनाहकमा त्यसरी थुनिएर बस्नु पर्ने थिएन । आफ्नो नागरिकको पक्षमा बोल्न सरकारले खुट्टा कमाउनु भएन ।'




## मधेशमा लागुऔषधविरुद्ध अभियान, तीन वर्षमा दुई हजार ..........

वटा लागुऔषध सम्बन्धित मुद्दा दर्ता भएका छन्।

उक्त अवधिमा दुई हजार ५५४ नेपाली, २५४ विदेशी नागरिकसहित दुई हजार ८११ जना पक्राउ परेको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले जानकारी दिए।

बितेको आवमा मधेश प्रदेशमा लागुऔषधसहित प्रहरीले ७८६ नेपाली, ८४ भारतीय र एक विदेशी गरी ८७१ जनालाई पक्राउ गरेको छ भने ६३० वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको छ।

यसैगरी, सो अवधिमा १५ हजार ३८२ किलोग्राम गाँजा, ५१६ ग्राम ब्राउन सुगर, २७२ किलोग्राम चरेस, तीन किलोग्राम अफिम, दुई हजार ८३१ ग्राम हिरोइन, चार लाख ७३ हजार ४८५ वटा ट्याब्लेट, दुई हजार ११८ सिरफ र १८ हजार १२५ इन्जेक्सन बरामद भएको प्रवक्ता बरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताए।

उनका अनुसार अघिल्लो आव २०८१/८२ मा लागुऔषधसहित ८३६ जना पक्राउ पर्दा ५८५ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो।

त्यस क्रममा १६ हजार ५७३ किलोग्राम गाँजा, ६१ ग्राम ब्राउनसुगर, ५०५ किलो ग्राम चरेस, ४५ किलो ग्राम अफिम, दुई हजार ७०५ ग्राम हिरोइन, तीन लाख ७० हजार ४४२ ट्याब्लेट, सात हजार ५०४ सिरफ र ६१ हजार ३३३ इन्जेक्सन बरामद भएको थियो।

यसअघि गत आव २०८०/८१ मा प्रहरीले मधेश प्रदेशबाट लागुऔषधसहित एक हजार १०४ जनालाई पक्राउ गरेको थियो भने ७९७ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो। सो आवमा आठ हजार ५३९ किलो गाँजा, ५९४ ग्राम ब्राउन सुगर, १२१ किलो १४६ ग्राम चरेस, एक ग्राम अफिम, एक हजार १३१ ग्राम सात हजार १११ मिलिग्राम हिरोइन, ४९ हजार ८८८ वटा ट्याब्लेट, तीन हजार ४१६ सिरफ र ५४ हजार ४०४ इन्जेक्सन बरामद भएको थियो।

यसरी खुला सिमानाकाको फाइदा उठाउँदै नेपाल-भारत सीमा जोड्ने विभिन्न नाकाका औषधि पसलहरूबाट सहजै ल्याउने लागुऔषध राजधानी काठमाडौंसम्म पुग्ने गरेका छन्।

सीमावर्ती भारतीय बजारमा पुगेर लागुऔषध सेवन र खरिद गरी नेपाल ल्याउने युवाजमात बढ्दो छ। प्रहरीले सीमा नाकामा ओहोरदोहोर गर्ने युवा जमातलाई लक्षित गरेर चेकजाँचलाई कडाई गरेसँगै अधिकांश युवाको साथबाट केही न केही मात्रामा लागुऔषधका सामग्रीहरू बरामद हुने गरेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले बताए।

लागुऔषध सेवन र कारोबारीको आरोपमा पक्राउ पर्नेमा अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा छन् । अभिभावकविहीनहरू लागुऔषधको कुलतमा फसेका उनले बताए। पढाइ छोडेर बसेका, काम नपाएर फुर्सदमा बसेका युवा साथीसङ्गतको बहकाउमा परेर दुर्व्यसनीमा फस्ने गरेको प्रहरी नायब महानिरीक्षक अधिकारीले बताए।

"यसअघि प्रायः जसो युवा लागुऔषधको दुर्व्यसनमा फसेकाजस्तो लाग्थ्यो," उनले भने, "हिजोआज बालबालिका, किशोरकिशोरी र महिला यसमा फसेका भेटिन्छन्। छोरालाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाउँदा पनि अभिभावक आफ्ना सन्तान लागुऔषधको कुलतमा फसेको पत्याउँदैनन्। लागुऔषध दुर्व्यसनबाट बच्न अभिभावक, विद्यालय, शिक्षक र परिवार आफैं सचेत हुनुपर्छ।"

# वीरगन्ज नाकाबाट एक वर्षमा २ खर्ब ३८ अर्ब बढीको इन्धन आयात

**अपन दैनिक संवाददाता**
**पर्सा, साउन १० गते**



मुलुकको प्रमुख व्यापारिक नाका वीरगन्जबाट गत आर्थिक वर्षमा पेट्रोलियम पदार्थ आयातका लागि रु २ खर्ब ३८ अर्ब ५६ करोड भन्दा बढी विदेशिएको छ। मुलुकको ऊर्जा आवश्यकताको ठूलो हिस्सा अझै आयातित इन्धनमा निर्भर रहेको देखाउने यो तथ्यांकले विदेशी मुद्रामा पर्ने चाप कायमै रहेको संकेत गरेको छ।

वीरगन्ज भन्सार कार्यालयको वार्षिक तथ्यांकअनुसार सबैभन्दा धेरै रकम डिजेल आयातमा १ खर्ब ३२ अर्ब ३४ करोड खर्च भएको छ। गत आर्थिक वर्षमा यो नाकाबाट १० लाख ८५ हजार १५८ किलोलिटर डिजेल आयात गरिएको थियो, जसबाट सरकारले ४४ अर्ब ३७ करोड राजस्व संकलन गरेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा डिजेल आयातको परिमाण करिब ५ प्रतिशतले घटे पनि आयात मूल्यमा सामान्य मात्र कमी आएको छ। अघिल्लो आवमा १ खर्ब ३८ अर्ब रुपैया बराबरको ११ लाख ५० हजार किलोलिटर डिजेल आयात भएको थियो।

दोस्रो ठूलो आयातित इन्धन पेट्रोल रहेको छ। गत आवमा ४७ अर्ब ३५ करोड बराबरको ४ लाख ७१ हजार किलोलिटर पेट्रोल आयात भएको छ। यसबाट सरकारले २५ अर्ब ३७ करोड राजस्व संकलन गरेको छ। अघिल्लो आर्थिक वर्षमा ४८ अर्ब ७२ करोड बराबरको ४ लाख ५३ हजार किलोलिटर पेट्रोलआयात भएको थियो।

एलपी ग्यास आयातमा पनि ठूलो रकम बाहिरिएको छ। गत आर्थिक वर्षमा २८ करोड ५९ लाख किलो एलपी ग्यास आयात गर्दा ३३ अर्ब ५२ करोड विदेशिएको छ। यसबाट सरकारले ६ अर्ब २८ करोड राजस्व संकलन गरेको छ। अघिल्लो आवमा ३६ अर्ब ३७ करोड बराबरको ३१ करोड ८९ लाख किलो एलपी ग्यास आयात भएको थियो।

यस अवधिमा हवाई इन्धन आयात भने उल्लेख्य रूपमा बढेको छ। गत आर्थिक वर्षमा २३ अर्ब ६२ करोड बराबरको १ लाख ८८ हजार किलोलिटर हवाई इन्धन आयात भएको छ। अघिल्लो आवमा १६ अर्ब १४ करोड रुपैया बराबरको १ लाख ८० हजार किलोलिटर हवाई इन्धन आयात भएको थियो।

विपरीत रूपमा, मट्टितेलको प्रयोग भने निरन्तर घट्दो देखिएको छ। गत वर्ष ३७ करोड रुपैया बराबरको ४ हजार २ सय किलोलिटर मट्टितेल आयात भएको छ। अघिल्लो आर्थिक वर्षमा ६९ करोड बराबरको ७ हजार २ सय किलोलिटर मट्टितेल आयात भएको थियो।

समग्रमा, वीरगञ्ज नाकाबाट आयात हुने प्रमुख पेट्रोलियम पदार्थमध्ये डिजेल, पेट्रोल र एलपी ग्याससले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन्। यी इन्धनको आयातबाट मात्रै सरकारले करिब ८० अर्बभन्दा बढी राजस्व संकलन गरेको वीरगञ्ज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ।

आर्थिक विश्लेषक मनोज उपाध्यायका अनुसार नेपालको यातायात, उद्योग र घरायसी ऊर्जामा पेट्रोलियम पदार्थमाथिको उच्च निर्भरता कायम रहेकाले विदेशी मुद्रा बाहिरिने दबाब अझै कम हुन सकेको छैन। विद्युतीय सवारीसाधन, नवीकरणीय ऊर्जा तथा वैकल्पिक इन्धनको प्रयोग विस्तार गर्न सके पेट्रोलियम आयातमा हुने ठूलो खर्च क्रमशः घटाउन सकिने उनको भनाइ छ।

## नेपाल रेडक्रस ..........

चन्द्रबहादुर थकाली र भोजपुरका तुलबहादुर सुब्बाले २०५० सालदेखि, दार्चुलाका गोपालसिंह महराले २०६२ सालदेखी संस्थाको जिल्ला नेतृत्वमा अरू आउन दिएका छैनन्।

साथै, सिरहाका राजेन्द्रदेव यादव २०५८ र कपिलवस्तुका केशव सिंह २०५४ सालदेखि रेडक्रसको जिल्ला सभापति छन्। नेरोसोका केन्द्रीय अध्यक्ष विशाल भण्डारीले रेडक्रस सोसाइटीमा पुस्तान्तरण सहित रुपान्तरण गरिने जानकारी गराए। केही दिन अघि संस्थाको नेतृत्व सम्हालेका अध्यक्ष भण्डारीले भने,'रूपान्तरण र पुस्तान्तरणको मुद्दा नेपाल रेडक्रस सोसाइटीमा व्यापक रुपमा उठेको छ। एकै व्यक्तिले पद ओगटेर बसिरहने प्रवृत्तिको अब अन्त्य गर्छौं।'

१० वर्षभन्दा बढी समय जिल्ला सभापतिमा निरन्तर रहनेहरूको संख्या ३५ बढी जिल्लाका रहेको नेरेसोले जानकारी गराएको छ।

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं।
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं।
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं।
- ध्वनि र वायु प्रदुषण कम गरौं।
- सडकको समय-समयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

